नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८०।८१
चलनी नं.:- ५८२

मिति: २०८१/०१/१२

विषयः विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा।

श्री एलिभेट इनर्जी प्रा.लि.,
काठमाडौं-१२, नेपाल।
फोन न ९८०११७३१११,

तहाँबाट प्रस्तावित माथिल्लो मुगु कर्णाली जलविद्युत आयोजना, ३०६ मे.वा.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त सम्वन्धमा मिति २०८०/१०/२६ (द.नं.४३५९) मा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १३(२) मा उल्लेख भएका मध्ये निम्न विवरण/प्रतिवेदनहरू पेश हुन बाँकी देखिएकोले सोही निर्देशिकाको दफा १३(३) बमोजिम ३५ दिनको समयावधि भित्र विवरणहरू पेश गर्न हुन यस विभागको मिति २०८१/०१/०३ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

| सि.नं. | पेश गर्नु पर्ने विवरणहरू |
|---|---|
| १. | कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि |
| २. | कम्पनीको उद्योग दर्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि |
| ३. | स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (EIA) |
| ४. | विद्युत खरिद बिक्रीको सम्झौता वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्बन्धी आशयपत्र |
| ५. | पेश भएको नेट वर्थ अपुग रहेको हुनाले विभागबाट तोकिएको ढांचाको नेट वर्थ प्रमाण पत्र। (ढांचा: http://www.doed.gov.np/pages/license-related-documents) |
| ६. | शेयर लगतको soft copy (excel file मा kalimati font मा type गरिएको) |
| ७. | सक्कल टोपो नक्शा पेश नभएको हुनाले आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा |
| ८. | आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत |
| ९. | निर्माण कार्यतालिका |
| १०. | सम्भाव्य अध्ययन तथा वातावरणीय अध्ययनको Soft Copy |
| ११. | प्रस्तुत आयोजनाको शेयरधनीले यस अघि अन्य विद्युत आयोजनामा संलग्न रहेको भए सो आयोजनाहरुको नाम विवरण तथा सो आयोजनामा गरिएको लगानीको जानकारी |

(सुजन निरौला)
इन्जिनियर
२०८१/०१/१२